# भरतपुर महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

**भरतपुर, चितवन**

**सौर्य सडक बत्ती जडान सम्बन्धि बोलपत्र आव्हानको सूचना**

दोस्रो पटक सूचना प्रकाशित मिति : २०७४।०२।१९ गते

यस भरतपुर महानगरपालिका साविक चित्रवन नगरपालिका क्षेत्र भित्र रहेका शहरी सडकहरुमा संघिय मामिला तथा स्थानिय विकास मन्त्रालय (EFLGP) कार्यक्रम र भरतपुर महा नगरपालिकाको संयुक्त लगानीमा जनसहभागितामा आधारित शहरी सौर्य सडक वत्ति जडान निमार्ण र जडान गर्न मान्यता प्राप्त कम्पनी हरुवाट निम्न शर्तहरुको अधिनमा रही रितपुर्वकको शिलबन्दी वोलपत्र आव्हान गरिएको छ ।

**शर्तहरुः-**

१. बोलपत्र फारम रु ३०००।–(पछि फिर्ता नहुने गरि) तिरी यो सूचना प्रकाशित भएको मितिले १५ दिनसम्म वा मिति २०७४/०३/०२ गते भित्र कार्यालय समयमा खरिद गर्न सकिने छ । साथै फारम PPMO को वेवसाइट www.bolpatra.gov.np बाट पनि डाउनलोड गर्न सकिने छ । यसरी फारम भर्ने कम्पनीले फारम भरे बापत लाग्ने दस्तुर भरतपुर उप-महानगरपालिकाको खातामा प्रतक्ष वा टेली-ट्रान्सफर सिस्टम मार्फत दाखीला गर्नु पर्ने छ ।

२. बोलपत्र फारम खरिद गर्न कम्पनीहरुले कंम्पनि रजिस्ट्रेसन प्रमाणपत्र, भ्याट/प्यान दर्ता तथा नविकरण प्रमाणपत्र र आ.ब.०७२/७३ को कर चुक्ता प्रमाणित प्रमाणपत्र पेश गर्नुपर्नेछ ।

३. बोलपत्र शर्त रहित केरमेट नभएको हुनुपर्नेछ । यदि केरमेट भएमा केरमेट भएको ठाउमा बोलपत्र दाताको दस्तखत र छाप भएको हुनुपर्नेछ ।

४. तपशिलमा उल्लेखित धरौटी वापतको रकम यस कार्यालयको नाममा रहेको श्री राष्ट्रिय वाणिज्य बैक, भरतपुरको धरौटी खाता नं. १३१०३०३००७१०२ खातामा नगदै जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा मान्यता प्राप्त वाणिज्य बैंक ले जारि गरेको ग्यारेन्टी (विड वण्ड) संलग्न हुनु पर्ने छ । प्रस्तावकको bid validity ९० दिनको हुनु पर्ने छ । प्रचलित कानुन बमोजिम बोलपत्र जमानत bid bond को म्याद थप ३० दिन अर्थात न्युनतम १२० दिन कायम गरि बोलपत्र पेश गर्नु पर्ने छ ।

५. दररेट अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । केरमेट भएमा केरमेट भएको स्थानमा सहिछाप गर्नु पर्नेछ । दररेट रकम अंक र अक्षरमा फरक पर्न आएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

६. एक फर्मको नाममा खरिद गरिएको वोलपत्र फाराम अर्को फर्मको नामबाट दाखिला गर्न पाईने छैन ।

७. ई-विडिङ्ग मार्फत फारम दाखिला गर्न ईच्छुक कम्पनिहरुले ई-खरिद शाखा PPMO को वेवसाइट www.bolpatra.gov.np बाट उपलब्ध फारम नियमानुसार भरी पठाउनु पर्नेछ र ई-बोलपत्र फारम भरे बापत लाग्ने दस्तुर भरतपुर महानगरपालिकाको खातामा प्रतयक्ष वा टेली-ट्रान्सफर सिस्टम मार्फत दाखीला गर्नु पर्ने छ । आवश्यक कागजातहरुको शाथमा बैक भौचर वा टेली-ट्रान्सफर को प्रति Scanned (PDF Format ) गरी साथै दाखिला गर्नुपर्ने छ ।

   **भरतपुर महानगरपालिकाको खाताको विवरण :**

   बैकको नाम : राष्ट्रिय बाणिज्य बैक
   कार्यलयको नाम : भरतपुर उप-महानगरपालिकाको कार्यलय
   खाता नं : १३१०३०४०१८१०२, आम्दानी खाता

८. खरिद भएको वोलपत्र फाराम सिलवन्दी गरी खाम वाहिर आफनो फर्मको नाम, ठेगाना र कामको विवरण स्पष्ट उल्लेख गरी सिलवन्दी गरी यस कार्यालयमा मिति २०७४/०३/०४ गते दिनको १२ बजे भित्र दर्ता गरी सक्नु पर्नेछ । दर्ता भएका बोलपत्रहरु सोही दिनको २ बजे यस कार्यालयमा सरकारी प्रतिनिधी, फर्मको प्रतिनिधीहरुको रोहवरमा खोलिने छ । समयमा फर्मको वा निजहरुको प्रतिनिधी उपस्थित नभएमा पनि सिलवन्दी बोलपत्र खोल्न बाधा पूग्नेछैन । कारणवश सिलवन्दी बोलपत्र दर्ता गर्ने तथा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

९. यो सूचनामा उल्लेख नभएका कुराहरु प्रचलित कानुन तथा ऐन नियम अनुसार हुनेछ ।

१०. बोलपत्र पूर्ण वा आंशिकरुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयलाई निहित रहने छ ।

११. अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ वमोजिम हुनेछ । अन्य कुराहरु वोलपत्र फाराममा उल्लेख भए वमोजिम हुनेछ ।

१२. थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ साथै यो सुचना भरतपुर महानगरपालिकाको Website: www.bharatpurmun.ogr.np बाट समेत Download गरी हेर्न सकिने छ ।

| वोलपत्र नं. | आयोजनाको नाम | ल.ई. रकम (मु.अ.कर र कन्टेन्जेन्सी वाहेक) | धरौटी रकम | वोलपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| NCB/MUN/CHT/40/2073-74 | सौर्य सडक बत्ती जडान कार्य | ३२,०३,२००।- | ९४,०००।- | ३०००।- | |